वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १९३ | २०८३ मंसिर ०७ गते सोमबार, नेपाल सम्वत् ११४७ November 23, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



पाक्यो कोदो, टिप्दै किसान

लमजुङको मध्यनेपाल नगरपालिका-६ रानिपानीका किसान पाखोबारिमा गरिएको कोदो खेती पाकेपछि टिप्दै । पाकेको कोदो टिपेर केही दिन गुम्साएर राखेपछि चुटेर कोदोको दाना निकालि भण्डारी गर्ने गरिन्छ । पछिल्लो समय कोदोका माग बढ्दै गएपनि खेती गर्ने जनशक्ति अभावका कारण खेतीको क्षेत्रफल घट्दै गएको छ ।

तस्विर : सुरज गुरूङ/भञ्ज्याङ

घुमाउने पुल : आफ्नै कथा, आफ्नै व्यथा

विद्या ढकाल

"घुमाउने पुल मेरो पहिलो प्राथमिकतामा रहनेछ ।" राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेल (हाल नेपाली कांग्रेसका केन्द्रीय सदस्य)ले करिब १५ वर्षअघि तनहुँका राजनीतिक दलका जिल्ला नेताहरुसँगको बैठकमा गरेको यो प्रतिबद्धताले पनि कुनै सार्थक परिणाम दिन सकेन । चितवन र तनहुँ जिल्लालाई जोड्ने घुमाउने पुलका लागि त्रिशूली नदी किनारका दुवैतर्फ निर्माण गरिएका अलपत्र पिलरले आज पनि राज्य, जनप्रतिनिधि, उच्च सरकारी अधिकारी, सरोकारवाला निकाय र सर्वसाधारण नागरिकलाई गिज्याइरहेका छन् ।

मुग्लिन-नारायणगढ सडकखण्ड अन्तर्गत भरतपुर महानगरपालिका-२९ र बुद्धसिंह मार्गअन्तर्गत अँबुखैरेनी गाउँपालिका-५ को घुमाउनेलाई जोड्ने यो पुलको आफ्नै विशिष्ट महत्त्व छ । पुल निर्माण सम्पन्न भएमा मुग्लिनतर्फको बाटो प्रयोग गर्नुभन्दा सेती नदीको किनारैकिनार दमौली पुग्ने दूरी करिब २४ किलोमिटर छोटिनेछ। यसले पोखरालगायत त्यस भेगका विभिन्न स्थानसम्मको यात्रा छोटो, छरितो र सहज बनाउनेछ । विशेषगरी तनहुँको दक्षिणपूर्वी भेगका बासिन्दाका लागि यो पुल विकास र समृद्धिको महत्त्वपूर्ण आधार बन्नेछ।

यो पुल निर्माणका लागि विसं २०७० असार २८ गते 'मृत सञ्जीवनी निर्माण सेवा'सँग ठेक्का सम्झौता भएको थियो । निर्माण कम्पनीले नै डिजाइन तयार पार्ने गरी जिम्मेवारी पाएको भए पनि प्राविधिक कारण देखाउँदै पटकपटक डिजाइन परिवर्तन गरिएको बताइन्छ। सुरूमा करिब नौ करोड रूपैयाँ लागत अनुमान गरिएको डिजाइनअनुसार पुलको लम्बाइ १०५ मिटर र फुटपाथसहित चौडाइ ११ मिटर रहने व्यवस्था थियो । निर्माण सम्पन्न गर्न चार वर्षको अवधि तोकिएको भए पनि पटकपटक म्याद थप हुँदै गयो। तर, निर्माण कार्यले अपेक्षित गति लिन सकेन ।

पुल निर्माणमा भएको ढिलाइप्रति राज्य र ठेकेदार कम्पनीको ध्यानाकर्षण गराउन दोहोरिने तर काम अघि नबढ्ने प्रवृत्तिले स्थानीय बासिन्दामा निराशा बढ्दै गएको छ ।

गत फागुन २१ गतेको निर्वाचनका सन्दर्भमा पनि पुल निर्माणमा भएको बेवास्तालाई लिएर त्यस भेगका नागरिकबीच 'नो भोट' अभियानको चर्चा चलेको थियो । तनहुँ निर्वाचन क्षेत्र नम्बर १ का सबै उम्मेदवार सम्बन्धित स्थानमै उपस्थित भएर मन्तव्यसहित लिखित प्रतिबद्धता जनाएपछि मात्र स्थानीय बासिन्दा मतदानका लागि तयार भएका थिए ।



स्थानीय बासिन्दाले विभिन्न चरणमा आन्दोलन तथा दबाबमूलक कार्यक्रम सञ्चालन गरे । राजधानी काठमाडौँलगायत सम्बन्धित निकायमा प्रतिनिधिमण्डल पठाएर समस्या समाधानका लागि पहलसमेत गरे। तर, स्थानीयको आवाज र दबाबले पनि पुल निर्माणलाई पूर्णता दिन सकेन। हरेक निर्वाचनमा यो पुललाई चुनावी मुद्दा बनाएर कतिपय उम्मेदवारले मत माग्ने गरेको स्थानीयको गुनासो छ । आश्वासन भएको अवस्था थियो। यसले घुमाउने पुल स्थानीयका लागि सामान्य पूर्वाधार आयोजना मात्र नभई राजनीतिक जवाफदेहितासँग जोडिएको गम्भीर विषय बनेको स्पष्ट पार्छ ।

यति धेरै महत्त्व बोकेको पुल निर्माणमा भएको ढिलासुस्तीका लागि मूलतः राज्य र निर्माण कम्पनी दुवै जिम्मेवार देखिन्छन्। पुल निर्माणस्थलको भौगोलिक अवस्था र नदीको प्रकृतिलाई पर्याप्त अध्ययन नगरी हचुवाका भरमा डिजाइन तयार पारेर निर्माण प्रक्रिया अघि बढाउन खोज्नु नै समस्याको मुख्य कारणमध्ये एक हुन सक्छ । डिजाइन तयार गर्दा नदीको गहिराइ, चौडाइ र बहावको अवस्थालाई पर्याप्त ध्यान दिइएको देखिँदैन। प्राविधिक समस्या वास्तविक भए पनि त्यसको समाधान समयमै खोज्नु सम्बन्धित निकायको दायित्व थियो । ठेक्का सम्झौता भएको लामो समय बितिसक्दा पनि पुल निर्माण सम्पन्न हुन नसक्नुमा राज्य र निर्माण कम्पनी दुवैले आफ्नो जवाफदेहिताबाट उम्कन मिल्दैन।

अहिले आएर गत वैशाख २९ गते सडक डिभिजन कार्यालय, दमौलीले मृत सञ्जीवनी निर्माण सेवासँगको ठेक्का सम्झौता रद्द गरेको छ । पुल निर्माणका लागि आर्थिक वर्ष २०८३/०८४ मा करिब डेढ करोड रूपैयाँ विनियोजन भएको सार्वजनिक भएको छ ।

बाँकी दोश्रो पेजमा

दमौली-भरतपुर प्रसारण लाइन : ८० टावर खडा, निर्माणले गति लिंदै

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने महत्त्वपूर्ण पूर्वाधार दमौली-भरतपुर २२० केभी प्रसारण लाइन निर्माणले गति लिन थालेको छ । वन क्षेत्रको रूख कटानमा देखिएको अवरोध क्रमशः हट्दै जानु र आवश्यक निर्माण सामग्री तथा उपकरण निर्माणस्थलमा आइपुगेसँगै आयोजनाले कामलाई तीव्रता दिएको हो ।

करिब ३५ किलोमिटर लामो प्रसारण लाइनको समग्र भौतिक प्रगति ८३.५ प्रतिशत पुगेको छ। कुल ९४ वटा टावर निर्माण गर्नुपर्नेमा हालसम्म ८३ वटाको जग तयार भइसकेको छ । जग निर्माण सम्पन्न भएका टावरमध्ये ८० वटा खडा गरिसकिएको छ। त्यस्तै, प्रसारण लाइनको करिब २.२ किलोमिटर क्षेत्रमा तार तान्ने काम पनि पूरा भएको छ ।

तनहुँ र चितवन खण्डमा वन क्षेत्रका रूख कटानको काम करिब ५० प्रतिशत सम्पन्न भएको छ। रूख कटानमा देखिएको समस्या समाधान हुँदै गएपछि टावर खडा गर्ने र तार तान्ने काम अघि बढाउन सहज भएको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक छविलाल गैह्रेले बताए।

निर्माणका लागि आवश्यक उपकरण तथा सामग्रीसमेत कार्यस्थलमा आइपुगेकाले बाँकी कामलाई थप तीव्रता दिने तयारी गरिएको उनले जानकारी दिए ।

१४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाबाट उत्पादित



विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न दमौली-भरतपुर प्रसारण लाइन अपरिहार्य छ । जलविद्युत् आयोजना निर्माणसँगै प्रसारण लाइनको काम पनि सम्पन्न गर्नुपर्ने भएकाले यसलाई आयोजनाको महत्त्वपूर्ण चुनौतीका रूपमा हेरिएको छ । विद्युत् उत्पादन सुरू हुनुअघि नै प्रसारण लाइन तयार पार्नुपर्ने भएकाले निर्माणको समयतालिका व्यवस्थापनमा आयोजनाले जोड

बाँकी अन्तिम पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

उत्पादनसंगै मूल्य अभिवृद्धि

कृषि उत्पादन बढनु मात्रै किसानको जीवनस्तर उकास्ने पर्याप्त आधार होइन । किसानले उत्पादन गरेको वस्तुले उचित मूल्य नपाउँदा लागतसमेत उठाउन नसक्ने, खेतीप्रतिको आकर्षण घट्ने र अन्ततः कृषि पेसा छाड्नुपर्ने अवस्था देखिँदै आएको छ। उत्पादनमा किसानको श्रम र लगानी रहने तर त्यसबाट हुने मूल्य अभिवृद्धिको लाभ अन्य पक्षले लिने प्रवृत्तिले कृषि क्षेत्रलाई व्यावसायिक बनाउन चुनौती थपेको छ । त्यसैले अब कृषि विकासको प्राथमिकता उत्पादन वृद्धिमा मात्र सीमित नभई प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ र बजारीकरणमा समेत केन्द्रित हुन आवश्यक छ । तनहुँमा उत्पादित मकै, अदुवा, बेसार र महलगायत कृषिउपजलाई प्रशोधन, प्याकेजिङ र ब्राण्डिङ गरी बजारसम्म पुऱ्याउने उद्देश्यले सञ्चालित कृषि उद्यम विकास कार्यक्रम यस दिशामा सकारात्मक प्रयास हो । कृषि विकास कार्यालय तनहुँले सञ्चालन गरेको कार्यक्रमबाट १०८ जना कृषक तथा कृषि उद्यमी लाभान्वित भएका छन् । कच्चा मकै, अदुवा, बेसार वा मह बिक्री गर्दा किसानले पाउने मूल्य र तिनलाई प्रशोधन गरी बजारमा पठाउँदा प्राप्त हुने मूल्यमा ठूलो अन्तर हुन सक्छ । अदुवा र बेसारलाई सुकाएर धुलो बनाउने, मकैबाट विभिन्न खाद्य सामग्री उत्पादन गर्ने तथा महलाई गुणस्तर परीक्षण र आकर्षक प्याकेजिङ गरी बजारमा पठाउने अभ्यासले स्थानीय उत्पादनलाई नयाँ पहिचान दिन सक्छ । यसले किसानको आम्दानी बढाउनुका साथै स्थानीयस्तरमै साना तथा मझौला उद्योग सञ्चालन गर्ने अवसर सिर्जना गर्छ । कच्चा पदार्थका रूपमा सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता घटाउँदै स्थानीय स्रोतसाधनको उपयोग र रोजगारी सिर्जनामा समेत सहयोग पुग्छ । कृषि उत्पादनपछि उचित भण्डारण, प्रशोधन र बजार व्यवस्थापन हुन नसक्दा किसानले ठूलो क्षति व्यहोर्नुपर्ने अवस्था छ। मौसमी उत्पादन एकैपटक बजारमा पुग्दा मूल्य घट्ने, बजारसम्म ढुवानी गर्दा लागत बढ्ने र बिक्री नभएर उत्पादन खेर जाने समस्या सामान्य बनेको छ । यस्तो अवस्थामा प्रशोधन र भण्डारणको व्यवस्था किसानका लागि थप आम्दानीको माध्यम मात्र होइन, बजारको जोखिम घटाउने उपाय पनि हो ।

कृषि उत्पादनमा महिलाको श्रम र योगदान उल्लेख्य भए पनि त्यसलाई आर्थिक अवसर र उद्यमशीलतासँग जोड्ने प्रयास पर्याप्त हुन सकेको छैन । प्रशोधन तथा बजारीकरणमा महिलाको सहभागिता बढाउन सके उनीहरूको आर्थिक आत्मनिर्भरता र पारिवारिक आयमा समेत सकारात्मक प्रभाव पर्न सक्छ । तर उपकरण वितरण र अनुदान उपलब्ध गराउँदैमा कृषि उद्यम दिगो हुँदैन । उपकरणको नियमित प्रयोग, मर्मतसम्भार, प्राविधिक ज्ञान, कच्चा पदार्थको निरन्तर उपलब्धता र उत्पादनको बजार सुनिश्चितता उत्तिकै आवश्यक हुन्छ । कतिपय सरकारी कार्यक्रम अनुदान वितरण र सामग्री हस्तान्तरणमै सीमित हुने गरेका छन् । सहयोग प्राप्त गरेपछि उद्यम सञ्चालन भयो कि भएन, उत्पादन बजारसम्म पुग्यो कि पुगेन र किसानको आम्दानीमा कति परिवर्तन आयो भन्ने विषयमा प्रभावकारी अनुगमन हुनुपर्छ। अनुदानलाई उपलब्धिको अन्तिम बिन्दु नभई उद्यम विकासको प्रारम्भिक आधारका रूपमा लिनुपर्छ । यसका लागि राज्यको भूमिका अझ स्पष्ट र प्रभावकारी हुनुपर्छ । संघ, प्रदेश र स्थानीय सरकारले कृषि उत्पादनको सम्भावना र स्थानीय आवश्यकताका आधारमा प्रशोधन केन्द्र स्थापना, आधुनिक उपकरण, प्राविधिक तालिम र सहुलियतपूर्ण ऋणको व्यवस्था गर्नुपर्छ । किसान तथा उद्यमीलाई अनुदान उपलब्ध गराउँदा वास्तविक आवश्यकता, उत्पादन क्षमता र बजार सम्भावनालाई आधार बनाउनुपर्छ । उत्पादनको गुणस्तर परीक्षण, खाद्य स्वच्छता, मापदण्डअनुसारको प्याकेजिङ र ब्राण्ड दर्तासम्बन्धी प्रक्रिया सहज बनाउनु पनि राज्यकै दायित्व हो ।

त्यसैगरी कृषि सहकारी, निजी क्षेत्र र स्थानीय उद्यमीबीच सहकार्य बढाउन आवश्यक छ । किसानलाई उत्पादन गर्न प्रोत्साहित गर्ने तर बिक्रीको जिम्मेवारीबाट राज्य पन्छिने प्रवृत्तिले समस्या समाधान गर्दैन । स्थानीय तहले कृषि उत्पादनको विवरण संकलन गरी बजारको मागसँग जोड्ने, सामूहिक बिक्री प्रणाली विकास गर्ने र सरकारी तथा निजी निकायमार्फत बजार विस्तार गर्ने पहल गर्नुपर्छ । स्थानीय उत्पादनको पहिचान स्थापित गर्न साझा ब्राण्ड विकास, प्रचारप्रसार र बिक्री सञ्जाल विस्तारमा समेत सहयोग गर्न सकिन्छ । विद्यालय, अस्पताल, होटल तथा अन्य सार्वजनिक संस्थामा स्थानीय कृषि उत्पादनको प्रयोग बढाउने नीतिले पनि बजार सुनिश्चित गर्न योगदान पुऱ्याउन सक्छ । तनहुँमा सुरू भएको कृषि उद्यम विकास कार्यक्रमलाई उपकरण वितरण र लाभग्राही संख्याको विवरणमा मात्र सीमित राख्नु हुँदैन । यसले स्थापना गरेका उद्यम कति समय टिके, कति रोजगारी सिर्जना गरे, उत्पादनको मूल्य कति बढ्यो र किसानको आम्दानीमा कस्तो परिवर्तन आयो भन्ने आधारमा कार्यक्रमको सफलता मापन गरिनुपर्छ । सफल उद्यमको अनुभव अन्य किसानसम्म पुऱ्याउँदै उत्पादनको पहिचान र बजार विस्तारमा निरन्तर सहयोग गर्नुपर्छ । अनुदानको सदुपयोग र उपलब्धिको पारदर्शी मूल्याङ्कनले मात्र यस्ता कार्यक्रमप्रति किसानको विश्वास बढाउन सक्छ । कृषिलाई आत्मनिर्भर अर्थतन्त्रको आधार बनाउने हो भने किसानलाई उत्पादन गर्न मात्र सिकाएर पुग्दैन, उत्पादनको मूल्य बढाउन र बजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाउनु पनि उत्तिकै जरूरी छ । स्थानीय उत्पादनलाई कच्चा पदार्थकै रूपमा सस्तोमा बेच्नुपर्ने बाध्यता अन्त्य गर्दै प्रशोधित वस्तुको गुणस्तर, पहिचान र बजार स्थापित गर्न सके गाउँमै रोजगारी र आम्दानीका अवसर सिर्जना हुनेछन् । त्यसैले कृषि विकासको प्राथमिकता उत्पादन वृद्धिसँगै प्रशोधन, प्रविधि, गुणस्तर र बजार सुनिश्चिततातर्फ केन्द्रित हुनुपर्छ । किसानको पसिनाले उत्पादन गरेको वस्तुको मूल्य किसानकै हातमा पुग्ने व्यवस्था बनाउन सके मात्र कृषि उद्यमशीलता समृद्धिको भरपर्दो आधार बन्न सक्छ ।

ज्येष्ठ वामपन्थीहरूको पुनर्मिलन : सम्झना, संघर्ष र एकताको सन्देश

लामो समयको अन्तरालपछि २०८३ कात्तिक ८ गते म परिवारका सदस्यसहित तनहुँको भिमादस्थित बाघटार घरबाट काठमाडौँका लागि प्रस्थान गरेँ । साथमा छोरी सुनिता, नातिनी कृतिशा र नाति कृषल लम्साल थिए । यात्राका क्रममा मनमा अनेकौँ कुरा खेलिरहेका थिए । तर मुग्लिनदेखि धादिङको गल्छीसम्म त्रिशूली नदीको किनारमा देखिएको दृश्यले भने मनलाई निकै भावुक बनायो ।

सामाजिक सञ्जालमा मोबाइलमार्फत देखेको २०८३ भदौ १० गतेको भोटेकोशी बाढीले निम्त्याएको विनाशको झल्को त्रिशूली नदीको किनारमा पनि स्पष्ट देख्न सकिन्थ्यो। बाढीले नदीको बहाव क्षेत्रमा छाडेका बालुवा र ढुङ्गाका थुप्रा, कटानका डोब तथा उजाड बनेका किनारले प्राकृतिक विपत्तिको भयावह स्वरूप सम्झाइरहेका थिए । बाढी आएको झन्डै दुई महिना बितिसकेको थियो । नदीको सतह निकै तल झरिसकेको भए पनि त्यसले छाडेका विनाशका चिह्न मेटिएका थिएनन्। प्रकृतिको एउटा प्रकोपले कति ठूलो क्षति पुऱ्याउन सक्छ भन्ने कुरा यात्राका क्रममा देखिएका दृश्यले फेरि अनुभूत गराए ।

काठमाडौँ पुगिसकेपछि अर्को चिन्ता पनि मनमा थियो । सञ्चारमाध्यममा व्यापक चर्चा भइरहेको कात्तिक ११ गतेदेखि तीन दिनसम्म हुने भनिएको आँधी, तुफान र मुसलधारे वर्षाको सम्भावित जोखिमले मानिसहरूमा सन्त्रास फैलाएको थियो । यही परिवेशबीच कात्तिक ९ गतेदेखि मैले पुराना सहपाठी र राजनीतिक सहयात्रीहरूसँग टेलिफोन सम्पर्क गर्न थालेँ ।

सम्पर्कको सुरूआत गोपीरमण उपाध्यायबाट भयो । त्यसपछि रामबहादुर भण्डारी (आरबी) लगायत पुराना साथीहरूसँग कुराकानी भयो । लामो समयपछि सम्पर्क हुँदा सबैमा भेट्ने तीव्र इच्छा देखिनु स्वाभाविक थियो। गाउँफर्कोदय माध्यमिक विद्यालय, ढोरफिर्दीका तत्कालीन प्रधानाध्यापक तथा वामपन्थी आन्दोलनका गुरू एम.एस. थापा, त्यही विद्यालयमा सँगै अध्ययन गरेका सहपाठी ज्ञानप्रसाद भट्टराई तथा वामपन्थी आन्दोलनका सहयात्री वाचस्पति देवकोटा र शरणविक्रम मल्ललगायतसँग पनि सम्पर्क भयो। सबैको एउटै आग्रह थियो- पुराना साथीहरू एकै ठाउँमा बसेर भेटौँ, विगतका दिन सम्झौँ र आपसी सम्बन्धलाई पुनः ताजा बनाऔँ ।

काठमाडौँको व्यस्त र कोलाहलपूर्ण सहरमा साथीहरूको बसोबास फरकफरक ठाउँमा थियो । यहाँका सडकहरू पनि जेरीझैँ घुमेका र फेदटुप्पो छुट्याउन कठिन हुने खालका छन्। एउटा कुनाबाट अर्को कुनामा पुग्नुपर्ने, साथीहरूको घर र आवतजावतको व्यवस्थापन मिलाउनुपर्ने। यस्तो अवस्थामा सामूहिक भेटघाट कसरी सम्भव होला भन्ने द्विविधा मनमा थियो। तर सबै साथीहरूको उत्साह र सहमतिले त्यो अन्योल हट्दै गयो ।

दुई वर्षअघि पोखरामा आयोजित भेटघाटका संयोजक कृष्ण आचार्य, झलक सुवेदीलगायत मित्रहरूसँग पनि परामर्श भयो । सबैको सामूहिक सहमतिमा काठमाडौँमा ज्येष्ठ वामपन्थी साथीहरूको भेटघाट तथा पुनर्मिलन कार्यक्रम आयोजना गर्ने निर्णय गरियो । अन्ततः २०८३ कात्तिक १५ गते काठमाडौँको भृकुटीमण्डपस्थित वाल्मीकि क्याम्पसको सभाकक्षमा उक्त कार्यक्रम सम्पन्न भयो ।

यो भेटघाट सामान्य जमघट मात्र थिएन । सांविक गण्डकी अञ्चलका विभिन्न जिल्लामा स्थायी बसोबास भएका र हाल काठमाडौँमा उपलब्ध ज्येष्ठ वामपन्थी मित्रहरूबीच लामो समयपछि भएको आत्मीय पुनर्मिलन थियो। विशेषगरी ७० वर्षभन्दा माथिका उमेर समूहका साथीहरूको उल्लेख्य सहभागिता रहेको यस भेलामा विगतमा आ-आफ्नो ठाउँबाट कम्युनिस्ट आन्दोलनलाई नेतृत्व र योगदान गरेका स्थापित व्यक्तित्वहरु सहभागी हुनुहुन्थ्यो।

भेलामा सहभागी साथीहरूले पुराना दिनका अनुभव, राजनीतिक संघर्ष, संगठन निर्माण र सामाजिक परिवर्तनका प्रसङ्गहरु स्मरण गरे। सबैको अनुहारमा लामो समयपछि भेट्न पाएको खुसी झल्किन्थ्यो। कतिपय साथीहरु वर्षौंपछि आमनेसामने भएका थिए। पुराना सम्झना र आत्मीयताले सभाकक्षको वातावरण नै भावनात्मक बनेको थियो ।

भेलामा सहभागी अधिकांश साथीहरूले कम्युनिस्ट आन्दोलनप्रति आफ्नो आस्था र विश्वास व्यक्त गरे । गरिबी, विभेद र पछौटेपन अन्त्यका लागि विद्यमान वर्गीय समाजमा कम्युनिस्ट आन्दोलनको औचित्य अझै कायम रहेको धारणा उनीहरूको थियो । वामपन्थी नामका विभिन्न समूह तथा उपसमूहमा आबद्ध र स्वतन्त्र रूपमा रहेका साथीहरूबीच पनि साझा अभियानको आवश्यकता रहेको विषयमा समान धारणा देखियो । सबै वामपन्थी शक्ति र विचार राख्नेहरु आपसी मतभेदभन्दा माथि उठेर साझा उद्देश्यका लागि एकजुट हुनुपर्ने निष्कर्षमा सहभागीहरु पुगेका थिए।

भेलामा सहभागी साथीहरूमध्ये वाचस्पति देवकोटा (८३ वर्ष, गोरखा), ऋषि कट्टेल (७६, गोरखा), सोमनाथ घिमिरे (७७, लमजुङ), ठाकुर शर्मा (६९, स्याङ्जा), रवि खनाल (६८, तनहुँ), तारानाथ सुवेदी (८३, कास्की), ज्ञानप्रसाद भट्टराई (७२, तनहुँ), झलक सुवेदी (६५, कास्की), पवित्रा थैव (६४, स्याङ्जा), अम्बिकाप्रसाद थैव (७५, स्याङ्जा), अशोकसिंह पाण्डे (७०, स्याङ्जा), पुण्यप्रसाद पाण्डे (६८, पर्वत), सीताराम उपाध्याय (७३, पर्वत), भोजराज ओझा (७४, तनहुँ), किरण भण्डारी (६४, तनहुँ), देवबहादुर पौडेल क्षेत्री (७३, पर्वत), शरणविक्रम मल्ल (७४, पर्वत), मोहनबहादुर केसी (८०, स्याङ्जा), गोपीरमण उपाध्याय (८१, स्याङ्जा), खेमनारायण ढुङ्गाना (७८, स्याङ्जा), विश्वबन्धु भण्डारी (७८, तनहुँ), खड्कबहादुर गुरूङ (८८, पर्वत), एम.एस. थापा (८४, स्याङ्जा), डा. देवीप्रसाद सुवेदी (८१, लमजुङ), ईश्वरीप्रसाद न्यौपाने (७६, लमजुङ), डीबी. कार्की (६४, लमजुङ), शान्तिदेवी खनाल (तनहुँ), ऋषिराम खनाल (गोरखा), अर्जुन कार्की (काठमाडौँ), राजु खनाल (तनहुँ) र घनश्याम सिग्देल(काठमाडौँ) लगायत ३५ जनाभन्दा बढीको सहभागिता थियो।

दुई वर्षअघि पोखरामा भएको भेलाका संयोजक कृष्ण आचार्य स्वास्थ्य समस्याका कारण यसपटक सहभागी हुन सक्नुभएन। त्यसैगरी राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री काठमाडौँबाहिर रहनुभएको तथा पूर्वमन्त्री एवं उद्योग व्यवसायी हरि पाण्डे र पूर्वशिक्षामन्त्री विद्या भट्टराईलगायतलाई निमन्त्रणा गरिए पनि व्यस्तताका कारण उपस्थित हुन सक्नुभएन । लेखनाथका पूर्वनगरप्रमुख शालिग्राम पौडेल, शेषमणि आचार्यलगायत साथीहरूले टेलिफोनमार्फत सहभागी जुटाउन सहयोग गर्नुभएको थियो । स्वास्थ्य समस्याका कारण उहाँहरु पनि कार्यक्रममा सहभागी हुन सक्नुभएन । त्यस्तै, धनञ्जय खनालले कार्यक्रमको ब्यानरलगायत तयारीमा सहयोग गर्नुभएको भए पनि कार्यव्यस्तताका कारण समयमा उपस्थित हुन सक्नुभएन ।

कार्यक्रम सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सबै साथीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। विशेषगरी लामो समयपछि पनि पुरानो सम्बन्ध, मित्रता र वैचारिक आत्मीयतालाई जीवित राख्दै कार्यक्रममा सहभागी हुनुभएका सबै मित्रहरूको उपस्थितिले यो भेटघाट अविस्मरणीय बनेको छ ।

समयको अन्तरालसँगै उमेर बढ्दै जान्छ, जिम्मेवारी र स्वास्थ्यका कारण भेटघाटका अवसर पनि कम हुँदै जान्छन्। तर पुराना सहपाठी, राजनीतिक सहयात्री र संघर्षका साथीहरूसँगको सम्बन्ध समयले मेटाउन सक्दैन । जीवनका उत्तरार्द्धमा यस्ता भेटघाटले विगतका सम्झना ताजा बनाउनुका साथै आपसी सद्भाव, आत्मीयता र वैचारिक सम्बन्धलाई पुनर्जीवित गर्छन्। यसपटकको भेटघाटले पनि हामीबीचको सम्बन्ध झन् प्रगाढ बनाएको अनुभूति भएको छ ।

समयले साथ दिएमा साथीहरूकै सहमति र सल्लाहमा यस्ता भेटघाट तथा पुनर्मिलन कार्यक्रमलाई निरन्तरता दिने प्रयास हुनेछ। हामीबीचको आत्मीयता, मित्रता र साझा वैचारिक यात्रालाई जीवन्त राख्न यस्ता अवसर फेरि जुट्नेछन् भन्ने विश्वास लिएको छु । *भिमाद, तनहुँ*



तपाईको आज

मेष
नयाँ कामको सुरूआत गर्न अनुकूल समय छ। व्यापारमा लाभ मिल्नेछ भने जागिरमा जिम्मेवारी थपिन सक्छ।

वृष
परिश्रमअनुसार प्रतिफल प्राप्त हुने दिन छ। अध्ययन र अनुसन्धानमा रूचि बढ्नेछ।

मिथुन
सामाजिक क्षेत्रमा प्रतिष्ठा बढ्ने संकेत छ। अध्ययन, लेखन तथा सञ्चारसम्बन्धी कार्यमा सफलता मिल्नेछ।

कर्कट
भावनात्मक विषयमा निर्णय गर्दा धैर्य आवश्यक छ। कार्यक्षेत्रमा केही चुनौती आए पनि सफलता प्राप्त हुनेछ।

सिंह
नेतृत्व क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त हुनेछ। व्यापारमा प्रगतिको संकेत छ। दाम्पत्य जीवन सुखद रहनेछ।

कन्या
दैनिक कामकाज व्यवस्थित रूपमा सम्पन्न हुनेछन्। आर्थिक लाभका नयाँ स्रोत फेला पर्न सक्छन्।

तुला
सृजनात्मक कार्यमा सफलता मिल्नेछ। प्रेम सम्बन्ध तथा पारिवारिक जीवनमा खुसीको वातावरण रहनेछ।

वृश्चिक
घरपरिवारका काममा व्यस्तता बढ्न सक्छ। पुराना समस्याको समाधान खोज्न सकिने दिन छ।

धनु
साहस र पराक्रम बढ्नेछ। छोटो दूरीको यात्रा लाभदायक हुन सक्छ। व्यवसायमा नयाँ सम्झौताको सम्भावना छ।

मकर
आर्थिक पक्ष बलियो बन्ने छ। आयवृद्धिका अवसर प्राप्त हुन सक्छन्। पारिवारिक वातावरण सुखद रहनेछ।

कुम्भ
नयाँ काम वा जिम्मेवारी स्वीकार गर्न सकिने दिन छ। सामाजिक सम्मान प्राप्त हुने सम्भावना छ।

मीन
अनावश्यक चिन्ताबाट टाढा रहनुहोस्। स्वास्थ्यमा ध्यान दिनु उपयुक्त हुनेछ। गोप्य योजना सफल हुन सक्छन्।

भोटेकोशी बाढी : विपत्तिको घाउ, मानवीय संवेदना र पुनर्निर्माणको आशा

प्रकृति मानव जीवनको आधार हो । यसले हामीलाई जीवन, सुन्दरता र समृद्धिको अवसर प्रदान गरेको छ । तर कहिलेकाहीँ प्रकृतिले रौद्र रूप धारण गर्दा मानव सभ्यताले कल्पनै नगरेको विनाशको सामना गर्नुपर्छ । यस्तै पीडादायी प्राकृतिक विपत्तिको साक्षी बन्न पुग्यो २०८३ साल भदौ १० गतेको रसुवा-भोटेकोशी बाढी ।

भदौ १० गते बिहान भोटेकोशी नदीमा आएको भीषण बाढीले रसुवाको टिमुरे, स्याफ्रुबँसीलगायतका क्षेत्रमा ठूलो विनाश निम्त्यायो। नदीको उर्लंदो भेलले घर, सडक, पुल, बजार, जलविद्युत् आयोजना तथा अन्य भौतिक संरचनालाई तहसनहस बनायो। बाढीको प्रभाव रसुवामा मात्र सीमित रहेन, नुवाकोट र धादिङलगायतका तल्लो तटीय क्षेत्रमा समेत फैलियो। केही क्षणमै वर्षौंको मेहनतले निर्माण भएका संरचना ध्वस्त भए भने धेरै परिवारको जीवनबाट खुसी, सुरक्षा र सहजताको अनुभूति खोसियो ।

बाढीले भौतिक संरचना मात्र बगाएन, कैयौँ परिवारका सपना, सम्भावना र भविष्यका योजनासमेत उजाड बनायो । कसैले घर गुमाए, कसैले व्यवसाय र रोजगारी त कसैले आफ्ना प्रियजन । हिजोसम्म हाँसो र चहलपहलले भरिएका बस्तीमा आज पीडा, अनिश्चितता र अभावका कथा सुनिन थालेका छन्। बाढीले छाडेको भग्नावशेषभन्दा पनि पीडितको मनमा परेको चोट अझ गहिरो छ ।

विशेषगरी विपत्तिका बेला बालबालिका, ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्ति र आर्थिक रूपमा कमजोर परिवार बढी प्रभावित हुन्छन् । घरबारविहीन बनेका परिवारका लागि सुरक्षित आवास, खाद्यान्न, स्वच्छ खानेपानी, स्वास्थ्य सेवा र बालबालिकाको शिक्षालाई निरन्तरता दिनु ठूलो चुनौती बनेको छ । प्राकृतिक विपत्तिपछि देखिने यस्ता समस्याले विपद् तत्कालीन संकट मात्र नभई लामो समयसम्म समाजलाई प्रभावित पार्ने सामाजिक तथा आर्थिक चुनौती पनि हो भन्ने स्पष्ट पार्छन् ।

यद्यपि विपत्तिको अँध्यारोबीच पनि आशाका दीपहरू बलिरहेका हुन्छन्। संकटका बेला नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्वयंसेवक, सामाजिक संस्था र सर्वसाधारणले देखाएको सहयोग, साहस र मानवीय सेवाभाव प्रशंसनीय छ । कसैले उद्धारमा साथ दिए, कसैले राहत सामग्री जुटाए, कसैले आर्थिक सहयोग गरे त कसैले पीडितको मनोबल बढाए । यस्ता सहयोगी हातहरूले नेपाली समाजको एकता, सहकार्य र मानवीय संवेदनालाई पुनः प्रमाणित गरेका छन् ।



तर उद्धार र राहत वितरणले मात्र विपत्तिको घाउ निको हुँदैन । प्रभावित परिवारको दीर्घकालीन पुनर्स्थापना उत्तिकै आवश्यक छ । घर गुमाएकाहरूलाई सुरक्षित आवास, रोजगारी गुमाएकाहरूलाई जीविकोपार्जनका अवसर, क्षतिग्रस्त विद्यालयहरूको पुनः सञ्चालन तथा भत्किएका सडक र पुलको दिगो पुनर्निर्माणमा विशेष ध्यान दिनुपर्छ । राहत वितरण गर्दा पारदर्शिता र निष्पक्षता कायम गर्दै वास्तविक पीडितको पहिचान सुनिश्चित गरिनुपर्छ ।

यस विपत्तिले हामीलाई विकासको अवधारणाबारे पनि गम्भीर भएर सोच्न बाध्य बनाएको छ । विकास भनेको सडक, पुल, भवन र ठूला आयोजना निर्माण गर्नु मात्र होइन, ती संरचनालाई प्राकृतिक जोखिमको सामना गर्न सक्ने गरी सुरक्षित बनाउनु पनि हो । नदी किनारमा अव्यवस्थित बस्ती विस्तार, वातावरणीय सन्तुलनको बेवास्ता र जोखिमको पर्याप्त मूल्याङ्कन नगरी गरिने निर्माणले विपत्तिको असर अझ गम्भीर बनाउन सक्छ। त्यसैले वैज्ञानिक अध्ययन, वातावरण संरक्षण, पूर्वसूचना प्रणालीको प्रभावकारी सञ्चालन, जोखिमयुक्त बस्तीको सुरक्षित स्थानान्तरण तथा समुदायस्तरमा विपद् तयारीलाई प्राथमिकता दिन आवश्यक छ ।

सरकारले विपद्पछिको पुनर्निर्माणलाई भौतिक संरचनाको निर्माणमा मात्र सीमित गर्नु हुँदैन । प्रभावित नागरिकको जीवनलाई पुनः सामान्य अवस्थामा फर्काउने लक्ष्यसहित शिक्षा, स्वास्थ्य, रोजगारी, मनोसामाजिक सहयोग र सामाजिक सुरक्षाका कार्यक्रमसमेत समेटिनुपर्छ । स्थानीय समुदायको आवश्यकता र सहभागितालाई केन्द्रमा राखेर पुनर्निर्माणका योजना बनाउनुपर्छ । आज प्रदान गरिने सहयोग भोलिको आत्मनिर्भरता निर्माण गर्ने आधार बन्न सक्नुपर्छ ।

अन्ततः रसुवा-भोटेकोशी बाढी एउटा जिल्लाको मात्र पीडा होइन, यो सम्पूर्ण राष्ट्रको साझा दुःख र जिम्मेवारी हो। विपत्तिले भौगोलिक सीमा चिन्दैन भने सहयोग र मानवीय संवेदनाका पनि सीमा हुनु हुँदैन। पीडितको आँसु पुछ्नु, उनीहरूलाई सम्मानपूर्वक बाँच्ने आधार तयार गर्नु र भविष्यमा यस्ता विपत्तिबाट हुने क्षति न्यूनीकरण गर्नु हामी सबैको साझा दायित्व हो ।

आज भोटेकोशी किनारमा भग्नावशेष बाँकी होलान्, कतिपय बस्तीमा अझै सन्नाटा छाएको होला र कतिपय परिवारले आफ्ना प्रियजनको अभाव महसुस गरिरहेका होलान्। तर हामीले आशा गुमाउनु हुँदैन । भत्किएका संरचना पुनः निर्माण गर्न सकिन्छ, उजाडिएका बस्तीमा फेरि जीवन फर्काउन सकिन्छ र रोकिएका सपनालाई नयाँ गति दिन सकिन्छ। त्यसका लागि राज्यको प्रभावकारी पहल, समुदायको सक्रिय सहभागिता र सबैको साझा प्रतिबद्धता आवश्यक छ।

बाढीले बगाएका घर फेरि बनाउन सकिएला, उजाडिएका बस्तीमा पुनः चहलपहल फर्काउन सकिएला, तर गुमेका अमूल्य जीवन कहिल्यै फर्काउन सकिँदैन। त्यसैले विपत्तिप्रति संवेदनशील बनौं, प्रकृतिसँग सन्तुलित सम्बन्ध कायम गरौं र प्रभावित परिवारको पुनर्स्थापनामा हातेमालो गरौं। विपत्तिले छाडेको पीडालाई साझा जिम्मेवारीमा बदल्दै सुरक्षित भविष्य निर्माण गर्नु आजको आवश्यकता हो। किनकि विपत्तिका बेला प्रकट हुने हाम्रो एकता, सहयोग र मानवीय संवेदना नै मानवताको वास्तविक पहिचान हो ।

मध्यनेपाल-३, सूर्यपाल, लमजुङ
हाल : श्री सर्वोदय माध्यमिक विद्यालय, दुराडाँडा, लमजुङ

घुमाउने पुल : आफ्नै कथा .....

सडक डिभिजन कार्यालयले पुराना पिलरको प्राविधिक परीक्षण गरी त्यसको अवस्थाका आधारमा थप प्रक्रिया अघि बढाउने बताइएको छ । तर, यस विषयमा थप जानकारी लिन खोज्दा कार्यालयसँग सम्पर्क हुन सकेन ।

पुल निर्माणका लागि आवश्यक दबाब दिन गठित संघर्ष समितिका संयोजक सिद्धान्त थापा पनि पछिल्लो समय विभिन्न कुरा सार्वजनिक भए पनि पुल निर्माण हुनेमा ढुक्क हुन सक्ने अवस्था नरहेको बताउनुहुन्छ। उहाँका अनुसार आगामी १५-२० दिनभित्र पुल निर्माणको प्रक्रिया ठोस रूपमा अघि नबढे पुनः संघर्षका कार्यक्रम सञ्चालन गरिनेछ । यो भनाइले स्थानीय बासिन्दा अझै पनि आश्वासनभन्दा कामको प्रतीक्षामा रहेको देखाउँछ ।

घुमाउने पुलको कथा एउटा निर्माणाधीन आयोजनाको ढिलासुस्तीको कथा मात्र होइन। यो राज्यको कमजोर कार्यान्वयन क्षमता, विकास आयोजनाप्रतिको बेवास्ता, ठेकेदारको गैरजिम्मेवारी र राजनीतिक प्रतिबद्धता पूरा नहुँदाको परिणाम पनि हो । वर्षौंदेखि अलपत्र पिलरले विकासका नाममा गरिने प्रतिबद्धता र वास्तविक उपलब्धिबीचको दूरीलाई उजागर गरिरहेका छन् । अब पनि प्राविधिक अध्ययन, बजेट विनियोजन र प्रक्रियागत बहानामै आयोजना अल्झाइरहने हो भने स्थानीय जनताको विश्वास थप कमजोर हुनेछ।

त्यसैले पुराना पिलरको प्राविधिक परीक्षण तत्काल सम्पन्न गरी सुरक्षित रूपमा उपयोग गर्न सकिने अवस्था भए त्यसैलाई आधार मानेर र आवश्यक भए नयाँ डिजाइन तयार गरी पुल निर्माणको काम अघि बढाउनुपर्छ। यसका लागि स्पष्ट कार्ययोजना, पर्याप्त बजेट, जिम्मेवार निर्माण कम्पनी र समयसीमासहितको प्रतिबद्धता आवश्यक छ। सम्बन्धित निकायले कामको प्रगति नियमित रूपमा सार्वजनिक गर्दै स्थानीय जनतालाई विश्वासमा लिनुपर्छ।

हामी चाहन्छौं, घुमाउने पुलको कथा अब आश्वासन र निराशाको चक्रमा नघुमोस्। अलपत्र पिलर विकासको प्रतीक बन्न सकून्, उपेक्षाको स्मारक होइन। स्थानीय जनताको वर्षौंदेखिको प्रतीक्षा अन्त्य होस् र पुल निर्माणले चाँडै पूर्णता पाओस्। घुमाउने पुल बनोस्, किनकि यो पुल केवल दुई जिल्लालाई जोड्ने संरचना होइन, जनताको आशा, आवश्यकता र समृद्धिको सम्भावनालाई जोड्ने आधार पनि हो ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भन्सार, तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश





रामज्योति कपको उपाधि सत्यवतीलाई

भञ्ज्याङ समाचारदाता/दमौली

रामज्योति बोर्डिङ स्कुलद्वारा आयोजित तेस्रो रामज्योति कप फुटबल प्रतियोगिताको उपाधि सत्यवती विद्यालयले जितेको छ । फाइनलमा राधा माध्यमिक विद्यालयलाई ३-० गोलअन्तरले पराजित गर्दै सत्यवतीले उपाधि उचालेको हो । १६ विद्यालयको सहभागिता रहेको प्रतियोगितामा फाइनल पुगेका दुवै टोलीबीचको प्रतिस्पर्धामा सत्यवतीले सुरूदेखि नै प्रभावशाली खेल प्रदर्शन गरेको थियो। तीन गोल गरेको सत्यवतीले राधा माविलाई गोल गर्नबाट रोक्दै सहज जित निकालेको हो ।

उपाधिसँगै सत्यवती विद्यालयले नगद ५२ हजार ८३ रूपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता राधा माध्यमिक विद्यालयले नगद २६ हजार ८३ रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा सत्यवती विद्यालयका सोनम थापा उत्कृष्ट खेलाडी घोषित भए । उनले नगद एक हजार रूपैयाँ पुरस्कार प्राप्त गरे। त्यस्तै, राधा माध्यमिक विद्यालयका सुमन परियार उत्कृष्ट



गोलरक्षक र सत्यवतीका रसिक श्रेष्ठ उत्कृष्ट डिफेन्स घोषित भए।

पुरस्कार वितरण एनप्याब्सन तनहुँका अध्यक्ष विशेश्वर खनाल र रामज्योति बोर्डिङ स्कुलका अध्यक्ष बसुन्धरा घर्तीले गरेका थिए । पुरस्कार वितरण कार्यक्रममा एनप्याब्सन तनहुँका अध्यक्ष खनालले विद्यालयस्तरमा आयोजना हुने खेलकुद प्रतियोगिताले विद्यार्थीको प्रतिभा पहिचान र खेलकुदप्रतिको रूचि अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने बताए । यस्ता प्रतियोगिताले विद्यार्थीमा अनुशासन, आत्मविश्वास, सहकार्य र प्रतिस्पर्धात्मक भावना विकास गर्ने उनको भनाइ थियो ।

विद्यालयका अध्यक्ष घर्तीले विद्यार्थीको खेलकुद प्रतिभा उजागर गर्ने र विद्यालयस्तरबाटै खेलाडी उत्पादन गर्ने उद्देश्यले रामज्योति कपलाई निरन्तरता दिइएको बताइन् । पढाइसँगै खेलकुदमा पनि विद्यार्थीलाई सक्रिय बनाउन प्रतियोगिताले सहयोग पुऱ्याउने उनको भनाइ थियो ।

तनहुँमा सुन्तला खेतीबाट करोडौंको कारोबार

भञ्ज्याङ समाचारदाता/दमौली

कुनै समय घरआँगनको शोभा बढाउन, परिवारलाई खान र आफन्तलाई कोसेली दिन मात्र लगाइने सुन्तला अहिले तनहुँका किसानका लागि आम्दानीको भरपर्दो स्रोत बनेको छ । व्यावसायिक खेती विस्तारसँगै सुन्तला किसानको आम्दानी बढेको छ भने जिल्लामा यसको उत्पादन र कारोबारसमेत उकालो लागेको छ । सुन्तलाको माग र मूल्य बढेपछि पहिले आफन्त तथा पाहुनालाई सित्तैमा चखाउने चलनसमेत घट्दै गएको छ। किसानले बर्गैचामै ठेकेदारलाई सुन्तला बिक्री गर्न थालेका छन् । व्यावसायिक खेतीबाट केही किसान लखपति र करोडपति बन्न सफल भएका छन्।

जिल्लामा सुन्तला बिक्रीबाट सबैभन्दा बढी आम्दानी गर्ने किसानमध्ये म्याग्दे गाउँपालिका-२ उमाचोकका दाजुभाइ विश्वबहादुर अधिकारी र निर्मल अधिकारी अग्रपङ्क्तिमा देखिन्छन् । सावित जिल्ला विकास समितिका दुई पटक सभापति भएका विश्वबहादुर



अहिले राजनीतिबाट टाढिएर सुन्तला खेतीमा सक्रिय छन् ।

भाइ निर्मलसँग मिलेर उनिहरूले ८५ रोपनी क्षेत्रफलमा सुन्तला खेती गरेका छन् । उक्त बर्गैचाबाट वार्षिक करिब एक करोड रूपैयाँ बराबरको आम्दानी हुने गरेको छ ।

उमाचोक सुन्तला ब्लक क्षेत्रका पूर्वअध्यक्षसमेत रहेका निर्मलका अनुसार अहिले गाउँका अधिकांश बर्गैचाको सुन्तला ठेकेदारले खरिद गरिसकेका छन्। "चखाउनका लागि कसैले राख्दैनन्, सुनजस्तै महँगो भएकाले सबैलाई बिक्री गरेर आम्दानी गर्ने ध्यान छ," उनले भने, "ठेकेदार बर्गैचामै आएर सुन्तला टिप्ने भएकाले खान मन लागे अब बजारमै किन्न जानुपर्छ।"

उमाचोककै नमुना कृषक शुकनारायण श्रेष्ठले गत वर्ष सुन्तला बिक्रीबाट ८० लाख रूपैयाँ आम्दानी गरे । उनले भने, "पहिला सौख र कोसेलीका लागि मात्र बोट हुर्काइन्थ्यो, अहिले त बोटमा सुन्तला होइन, सुन फले जस्तो लाग्छ ।"

देवघाट क्षेत्र विकास समितिका पूर्वअध्यक्ष एवं कृषक भीमबहादुर रानाले पनि गत वर्ष सुन्तला बिक्रीबाट ५० लाख रूपैयाँ आम्दानी गरे । उनले भने, "सुन र सुन्तला मेरा लागि उस्तै हुन्, बोटमा सुन्तला होइन, सुन फले जस्तो अनुभूति हुन्छ ।"

किसानको बढ्दो आकर्षणसँगै जिल्लामा सुन्तला खेतीको क्षेत्रफल र उत्पादनले पनि गति लिएको छ। कृषि विकास कार्यालय तनहुँका अनुसार जिल्लाभर एक हजार ६७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ । कार्यालयका सूचना अधिकारी किरण परियारका अनुसार गत आर्थिक वर्षमा जिल्लामा ११ हजार ८२२ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो। उक्त उत्पादन बिक्रीबाट ४२ करोड ५० लाख रूपैयाँ बराबरको कारोबार भएको थियो ।

सुन्तला खेतीलाई थप व्यावसायिक र दिगो बनाउन कृषि विकास कार्यालयले पुराना बर्गैचाको सुदृढीकरणसँगै नयाँ क्षेत्र विस्तारका कार्यक्रम अघि बढाएको छ । पुराना तथा उत्पादन घट्दै गएका बोटको काँटछाँट, बर्गैचा सरसफाइ, मलखाद व्यवस्थापन, रोग तथा कीरा नियन्त्रण र नयाँ बिरूवा रोपणका लागि चालु आर्थिक वर्षमा ५४ लाख रूपियाँ बजेट विनियोजन गरिएको सूचना अधिकारी परियारले जानकारी दिए ।

गत आर्थिक वर्ष २०८२/८३ मा यसै शीर्षकमा ३७ लाख ५० हजार रूपियाँ विनियोजन गरिएको थियो । बर्गैचाको उचित स्याहार र रोग तथा कीरा नियन्त्रणको अभावमा उत्पादन घट्न नदिन कार्यालयले किसानलाई प्राविधिक सेवा र आवश्यक परामर्शसमेत उपलब्ध गराउँदै आएको जनाएको छ ।



facebook twitter



Muma Ram Khanal
x.com/MumaRamKhanal

एक पटक राष्ट्रपति भईसकेपछि पुनः राजनीतिमा फर्किने कुरा नैतिक दृष्टिबाट मलाई उचित त लाग्दैन । तर नेकपा- एमालेको मात्र होइन, धेरै कम्युनिष्ट घटकहरूको आन्तरिक संकटको कोणबाट पूर्व राष्ट्रपति विद्या भण्डारीको राजनीति प्रवेशले ठूलो अर्थ राखेको छ ।

किनकि निकट समयमै एमालेको नेतृत्व केपी ओलीबाट विद्या भण्डारीमा सार्न जति संभव छ, अरू कुनै नेतामा पनि संभावना देखिन्न। अर्को, एमालेको नेतृत्व भण्डारीमा आउनेवित्तिकै समाजवादी (दाहाल/नेपाल) सहित अन्य ससाना वाम घटकहरु पनि एकतामा समाहित बन्न संभव र सरल हुन्छ। यो कोणबाट भण्डारीको राजनीतिक यात्रा सार्थक बन्न सक्छ । कम्युनिष्ट पार्टीहरूको संकट पनि धेरै हदसम्म पार हुन पनि सक्छ ।



Bishnu Rijal
x.com/bishnurija11

प्रधानमन्त्री बालेन्द्र शाह छिमेकी राष्ट्र भारतको दुई दिने राजकीय भ्रमण (स्टेट भिजिट) मा जानुभएको छ । सर्वप्रथम उहाँ भ्रमणको शुभकामना व्यक्त गर्दछु। भ्रमणबाट के-के उपलब्धि हासिल हुन्छ, थाहा भइहाल्नेछ । तर, सुरूमै प्रधानमन्त्री शाहका व्यवहारका कारण केही जिज्ञासा उत्पन्न भएका छन् :

१. भ्रमणपूर्व राष्ट्रपतिदेखि संसद्मा रहेका दलहरूसँग कसैसँग पनि कुनै छलफल र परामर्श भएन । कूटनीतिमा निरन्तरता र राष्ट्रिय सहमतिले ठूलो महत्व राख्दछ । देशभित्र संसद्मा रहेका दलहरूसँग समेत कुनै परामर्श नगरी भारतसँग एकल र छुट्टै के गर्न लाग्नुभएको हो ?

२. भारतमा लाखौं नेपाली नागरिकहरू छन्, तिनका धेरै संस्थाहरू क्रियाशील छन् । नेपालका प्रधानमन्त्री भारत पुग्दा नेपाली दूताबासमा उनीहरूसँग प्रतिनिधिमुलक भेट गर्ने र आश्वस्त पार्ने काम गर्दा प्रधानमन्त्रीलाई के आपत आइलाग्दोरहेछ ?

३. नेपालमा भारतीय लगानी भित्र्याउनका लागि अन्तरक्रिया र प्रोत्साहन गर्ने भन्दै प्रधानमन्त्रीको प्रतिनिधिमण्डलमा ठूलो संख्यामा निजी क्षेत्रका अगुवाहरू पनि छन् । तर, भारतीय उद्योगी-व्यवसायीलाई सम्बोधन गर्न प्रधानमन्त्री तयार हुनुभएनछ । यसो गर्दा उहाँलाई के घाटा हुँदोरहेछ ?

४. देशभित्र सामान्य छलफल पनि नगरेका प्रधानमन्त्रीसँग कुनै पनि दीर्घकालीन सहमतिपत्र वा सम्झौतामा हस्ताक्षर गर्ने नैतिक तथा राजनीतिक सामर्थ्य हुँदैन । त्यसबाट भोलिका दिनमा थप विवाद सिर्जना हुन सक्छ । यसतर्फ बेलैमा सबैले ध्यान दिनुपर्छ ।

५. आवश्यक भेटघाट, छलफल र अन्तरक्रिया गर्न नसक्ने, दोहोरो सम्वाद गर्न नसक्ने प्रधानमन्त्रीज्यूको कुनै व्यक्तिगत समस्या हो कि नेपाल सरकारको नीति नै हो ?

दमौली-भरतपुर प्रसारण .....

दिएको छ ।

आयोजना प्रमुख श्यामजी भण्डारीले वन क्षेत्रको अवरोध क्रमशः हट्दै जाँदा प्रसारण लाइन निर्माणले गति लिएको बताए । टावर खडा गर्ने कामसँगै तार तान्ने कार्यलाई पनि अघि बढाइएको उल्लेख गर्दै उनले आवश्यक उपकरण र सामग्रीको व्यवस्था भइसकेकाले बाँकी काम निर्धारित योजनाअनुसार सम्पन्न गर्ने तयारी रहेको जानकारी दिए ।

यसैबीच, तनहुँ जलविद्युत् आयोजनाको मुख्य बाँध निर्माणको भौतिक प्रगति ६५ प्रतिशत पुगेको छ। विद्युत् गृह, सुरूङ तथा सम्बन्धित उपकरण निर्माणको काम भने ८० प्रतिशत सम्पन्न भएको आयोजना प्रमुख भण्डारीले बताए।

आयोजनाका अनुसार मुख्य सुरूङसहितका भूमिगत संरचना निर्माण सम्पन्न भइसकेका छन्। अहिले विद्युत् गृहमा टर्बाइन, जेनेरेटर र ट्रान्सफर्मरलगायतका उपकरण जडान तथा परीक्षणको काम भइरहेको छ ।

जलविद्युत् आयोजनाको बाँध, विद्युत् गृह र प्रसारण लाइन निर्माण एकअर्कासँग प्रत्यक्ष जोडिएका पूर्वाधार हुन् । त्यसैले विद्युत् उत्पादनको लक्ष्य हासिल गर्न उत्पादन संरचनासँगै उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा पुऱ्याउने प्रसारण लाइन पनि निर्धारित समयमै सम्पन्न गर्नु आवश्यक देखिएको छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४